कृष्णनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कृष्णनगर,कपिलवस्तु

लुम्बिनी प्रदेश

## नीति तथा कार्यक्रम
## २०८०/०८१



रजत प्रताप शाह
नगर प्रमुख

# कृष्णनगर नगरपालिका

कृष्णनगर, कपिलवस्तु

## आ.ब २०८०/२०८१ का नीतिहरु

१. सम्मानित यस नगरसभाका उपाध्यक्षज्यू, सचिवज्यू सदस्यज्यूहरु, तथा अन्य अधिकृतज्यूहरु, संचारकर्मी, राष्ट्रसेवक कर्मचारी लगायत उपस्थित सम्पूर्ण महानुभावहरु । आज मेरो एवम् यस नगरपालिकाको दोस्रो कार्यकालको दोस्रो तथा दशौं नगर संभालाई सम्वोधन गर्दैछु ।

२. संघीय लोकतान्त्रिक गणतन्त्रमा आधारित कृष्णनगर नगरपालिकाको आर्थिक वर्ष २०८०/२०८१ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा म हर्षित एवम् गौरवान्वित भएको छु ।

३. ऐतिहासिक संविधान सभावाट जारी भएको नेपालको संविधान अनुसार स्थापित स्थानीय तह र नागरिकका अधिकारहरु स्थापित गर्ने यस अवसरमा म लोकतान्त्रिक गणतन्त्र नेपाललाई उज्यालो युगमा पुर्याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । विभिन्न आन्दोलनका क्रममा घाइते, वेपत्ता नागरिकहरुप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु । लोकतन्त्र र सामाजिक न्याय प्राप्तिको आन्दोलनको अगुवाई गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । सबैको योगदानको स्मरण गर्दछु ।

४. कृष्णनगर नगरपालिका, लोकतन्त्रका आधारभुत मूल्य-मान्यता, र सिद्धान्तलाई आत्मसात गर्दै विधिको शासन प्रति पूर्णप्रतिवद्ध छ । शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सवै नागरिकले प्राप्त गरुन् भन्नेमा हामीहरु अत्यन्तै सचेत छौं । सामाजिक, आर्थिक, सांस्कृतिक तथा धार्मिक विविधतालाई आत्मसात गर्दै सन्तुलित र समन्यायिक ढङ्गले विकासको वाटोमा अघि वढ्न नगर सरकार दृढ संकल्पित रहेको छ ।

**नगरसभाका सदस्यज्यूहरु :**

५. विभिन्न समयमा भएका प्रकृतिक प्रकोप तथा कोभिड-१९ लगायतका महामारी पछि सिर्जित आर्थिक अवस्थाले हाम्रो नगरको मात्र नभई मुलुककै अर्थ व्यवस्था माथी गम्भीर धक्का पुऱ्याएको छ । गरिवी र वेरोजगारी वढ्दै गएको, व्यापार व्यवसाय, उद्योगधन्दा, कलकारखाना र विकासका गतिविधिहरु ठप्प प्रायः छन् । यस विषम घडीमा दिगो विकास लक्षित नगर सरकारका पञ्चवर्षिय योजना प्राप्तिमा ठूलो व्यवधान खडा भएको छ । स्थापना देखिनै नगर सरकारले प्रशासनिक स्थीरता पाउन सकेको छैन । यद्यपी, हालसम्म यसवाट नगरवासीलाई पर्न गएको अकल्पनीय व्यवधान को सम्वोधन नगर सरकारका तर्फवाट भएको छ र हुनेनै छ । यति वेला आम नागरिक वीच ऐक्यवद्धता, सहकार्य, आत्मविश्वास र धैर्यताको ठूलो खाँचो रहेको छ ।

६. आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रमको लक्ष्य "कृष्णनगर नगरपालिकाको प्रतिवद्धताः सुशासन, स्वस्थ, समृद्ध र खुसी जनता " रहेको छ । नगर सरकारको विकास प्रयासमा संघीय सरकार, प्रदेश सरकार र दातृ संस्थाहरुको साझेदारी र सद्भाव वृद्धि भएको छ ।

७. गत वर्ष असार १० गते यसै सम्मानित नगर सभामा प्रस्तुत गरेको नीति तथा कार्यक्रमलाई टेकेर आर्थिक, सामाजिक, साँस्कृतिक विकासका उद्देश्य, लक्ष्य, रणनीति र कार्यनीति सहितको स्पष्ट विकासको खाका निर्धारण गरिएको थियो । सोही अनुसार कामहरु भइरहेको छ र परिणाम आउने क्रम पनि जारी नै छ ।

८. हालसम्मको हाम्रो कार्यकाल उत्साहपूर्ण र उपलव्धीमूलक रहेको छ । हरेक दिन नयाँ सोच र जागरका साथ नयाँ काम गर्ने शैलीले नगर सरकार प्रति नगरवासीहरुमा आशा र उत्साहको संचार भएको छ । सवै वडा कार्यालयहरु सवलीकरण हुने चरणमा छन । यसर्थ हाम्रो कार्यकाल नगरवासीका अभिभावक तथा नीति निर्माणकर्ताको रुपमा, समृद्ध कृष्णनगरको आधार निर्माण गर्ने उच्च महत्वका साथ अनवरत रुपमा नगरवासीको सेवामा तत्पर छ ।

**नगरसभाका सदस्यज्यूहरु :**

९. नगर सरकारका हाल सम्मका उपलब्धिको आधार, नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ र सान्दर्भिक अन्य ऐन नियम, नीति कानून, सहस्राब्दी विकास लक्ष्य,



नगर प्रमुख

पञ्चवर्षिय योजनाका साथै हामीले जनता समक्ष गरेका प्रतिवद्धताहरुलाई केन्द्रमा राखी यस नगर सरकारको अगामी आ.ब.२०८०/८१ को नीति तथा कार्यक्रमा "सुशासन, स्वस्थ, समृद्ध र खुशी जनता" को अकाङ्क्षा पूरा गर्ने दिशा तर्फ केन्द्रित छ ।

अब म यस गरिमामय सभा समक्ष विषयगत क्षेत्र विकासको नीति प्रस्तुत गर्न चाहन्छु ।

**(क) सार्वजनिक सेवा प्रवाह, सुशासन र क्षमता विकास नीतिः**

१. नगरपालिकालाई पूर्ण सूचना प्रविधि मैत्री बनाउन थप प्राविधिक जनशक्तिको व्यवस्थापन गरि सबै वडा कार्यालयलाको सेवा क्रमशः अनलाइन मार्फत प्रवाह हुने व्यवस्था मिलाइनेछ ।

२. सार्वजनिक खर्चलाई उत्पादन मुलक बनाउन आन्तरिक नियन्त्रण सम्बन्धी मापदण्ड बनाइ लागू गरिनेछ । जनमुखि प्रशासन मार्फत सार्वजनिक सेवा प्रवाह छिटो छरितो र नागरिक मैत्री हुँदै अएका छन्, नगर सरकारका निर्णय प्रक्रियाहरु थप सरल, सहज र पारदर्शी बनाइने छ । तोकिए कै समयमा काम शुरु गरि सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन नागरिक बडापत्रको अक्षोरस पालना गरिने छ ।

३. कर्मचारी प्रशासनमा दण्ड र प्रोत्साहनको नीति लिइनेछ । राष्ट्रसेवकहरुलाई प्रदान गरिने सेवा सुविधामा पुनरावलोकन गरी उत्प्रेरित गरीनेछ । कर्मचारी प्रशासनमा शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ । साथै अतिरिक्त समय र काममा अनवरत खटिने राष्ट्र सेवकलाई थप सेवा सुविधा दिन नगर सरकार दृढ रहेको छ ।

४. नगरपालिकाको सम्पत्तिको अभिलेख सार्वजनिक गर्ने र त्यसको उचित उपयोग, संरक्षण तथा संवर्द्धन गर्ने नीतिलाई निरन्तरता दिइनेछ । खरिद योजना बनाई लागू गरिनेछ ।

५. नगरपालिका तथा वडा कार्यालयबाट उठाउने कर प्रविधिको उपयोग गरी सफ्टवेयर मार्फत मात्र संकलन गर्ने व्यवस्था अनिवार्य गरिनेछ ।

६. नगरपालिकाको कार्यलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन कर्मचारीहरुका समस्याहरुको सुक्ष्म रुपमा अध्यन गरी समस्या समाधानका उपयुक्त माध्यमहरु अपनाई उत्प्रेरणाका माध्यमबाट कामले कर्मचारी नभै कर्मचारीले काम खोज्ने वातावरणको सिर्जना गरिने नीतिलाई निरन्तरता दिइनेछ, सबै शाखाका प्रमुखहरुको कार्यविवरण तथा कार्य सम्पादन सम्झौता बनाई लागू गरिनेछ ।

७. संघीय संरचना बमोजिम प्राप्त अधिकार र जिम्मेवारीका साथै यस नगरबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाउन नगरपालिका तथा वडा कार्यालयले संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) आगामी आ.ब.मा सम्पन्न गरी स्वीकृत गरिनेछ ।

८. करार सेवाका कर्मचारी तथा अनौपचारिक क्षेत्रलाई नियमानुसार सामाजिक सुरक्षा कोषमा क्रमशः आबद्ध गर्दै लगिनेछ ।

९. नगरपालिकाको सेवा प्रवाहलाई पारदर्शी एवं जवाफदेही बनाउन सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षणलाई निरन्तरता दिइनेछ । संगठनलाई थप प्रविधिमैत्री बनाउने योजना ल्याइनेछ ।

१०. कृष्णनगर र बहादुरगंजका मुख्य चोक चोकमा सुरक्षा निकायसँग समन्वय गरी सि.सि टि.भि क्यामेरा जडान गरी, नगरबासीलाई सुरक्षाको प्रत्याभूति गराइनेछ ।

**(ख) सामाजिक विकास नीतिः**

११. आधारभूत तथा गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई सेवामा, प्रत्येक नगरवासीको न्यायोचित पहुँच एवं लक्षित वर्गको सशक्तिकरण गरि हिंसा रहित समावेशी तथा समतामूलक समाज निर्माणको आधार तय गरिने कुरालाई निरन्तरता दिइनेछ ।

१२. विकासको मूलप्रवाहमा पहुँच पुर्‍याउन महिला, दलित, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, मधेशी, धार्मिक समुदाय, जनजाती, बालबालिका, आदिबासी, एकल महिला लगायतका वर्ग र समुदायहरुको क्षमता विकास, आयआर्जन, सशक्तिकरण, अधिकार संरक्षणको आवश्यक व्यवस्था मिलाइने नीतिलाई निरन्तरता दिइनेछ ।

मृगेन्द्र प्रताप शाह
नगर प्रमुख



CamScanner

१३. नगरमा स्वास्थ्य सम्बन्धी सुरक्षित मातृत्व, खोप, प्रजनन स्वास्थ्य, क्षयरोग, कुष्ठरोग निवारण, बालस्वास्थ्य, परिवार नियोजन तथा सुरक्षित गर्भपतन, यौनरोग तथा एच.आई.भी. एड्स नियन्त्रण, सामुदायिक स्वास्थ्य, कोभिड-१९ (कोरोना) लगायतका अन्य सरुवा रोगहरुको संक्रमणबाट जोगिने तथा रोग निवारण गर्ने खालका विभिन्न चेतनामूलक कार्यक्रमहरु आयोजना गरिनेछ । साथै स्थानीय समुदायसँग सहकार्य गरी स्वास्थ्य सिविरहरु सञ्चालन गर्ने कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

१४. विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस, स्थानीय मौलिक संस्कृति, भेषभुषा संरक्षण एवं प्रवर्द्धन गर्न र उक्त दिवस, नैतिक शिक्षा, योग साधनाको महत्व सान्दर्भिकताका विषयमा चेतना जगाउने र जनसहभागिता बढाउने कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै सबै जातजातिको साहित्य, कला, भाषा, इतिहास, संस्कृतिको संरक्षण तथा संवर्द्धन गर्दै लगिने नीतिलाई निरन्तरता दिइनेछ ।

१५. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि शिक्षक दरबन्दी मिलान, विद्यालयहरु समायोजन, शिक्षक तालिम संचालनका कार्यहरुलाई प्राथमिकताका साथ संचालन गरिनेछ । शैक्षिक सवलीकरण वर्षका रुपमा प्रविधिमैत्री भई सृजनशील शैक्षिक क्रियाकलाप प्रर्वद्धन गरिनेछ । नगर शिक्षा ऐन तथा नियमावलीमा भएका व्यवस्थाहरु कडाइका साथ लागू गरिनेछ । धार्मिक, सामुदायिक तथा निजी क्षेत्रवाट प्रदान गरिने शिक्षालाई एकिकृत रुपमा रुपान्तरणको दिशामा अगाडि बढाइनेछ । धार्मिक तथा परम्परागत विद्यालयहरुलाई मूलप्रवाहमा ल्याइनेछ ।

१६. शैक्षिक गुणस्तर सुधारको लागि विद्यालयको व्यवस्थापन पक्षलाई सवल तथा सक्षम बनाउन आवश्यक व्यवस्था मिलाइनेछ । शिक्षकहरुको समायोजन गरी शिक्षाको गुणस्तर वृद्धिको लागि आवश्यक क्रियाकलाप संचालन गरिनेछ । बालमैत्री स्थानीय शासनको अवधारणलाई क्रमश: कार्यान्वयन गरिनेछ ।

१७. आगामी ३ वर्ष भित्रमा नगरका सबै घर धुरी फुसको छानो मुक्त हुने गरी संघीय सरकारको सहयोगमा कार्यक्रम सञ्चालन गरिनेछ । साथै, जनता आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१८. लक्षित वर्गका कार्यक्रमहरुलाई गरिबी निवारण र रोजगार तथा स्वरोजगरमुखी बनाउन प्राथमिकता दिइनेछ, उद्यमशलता प्रवर्द्धनमा थप जोड दिइनेछ ।

१९. महिलाहरुको सक्रिय सहभागितामा संचालनमा रहेका लघु उद्योगहरु, सहकारी र अन्य आय आर्जनका व्यवसायहरुलाई प्रोत्साहन गर्ने कार्यक्रमहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । दलित तथा विपन्न महिला, वालबालिका, अपांगता भएका नगरबासी, ज्येष्ठ नागरिक लक्षित कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । सामाजिक सुरक्षाका कार्यक्रममा सबै लक्षित वर्गको पहुँचलाई सुनिश्चित गरिने छ ।

२०. बैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र भरपर्दो बनाउन रोजगार सेवा केन्द्रको क्षमता विकास गरी परीचालन गरिनेछ । आन्तरिक रोजगारी प्रवर्द्धन गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमसँग सहकार्य गरिनेछ । सीप विकासका कार्यक्रम मार्फत विपन्न तथा गरिव समुदाय लक्षित स्वरोजगारी अभिवृद्धिका कार्यक्रमहरु लागू गरिनेछ ।

२१. फोहोरमैला व्यवस्थापन कार्यविधि लागू गरी निजी क्षेत्रसंगको सहकार्यमा फोहोरमैला संकलन गरी दीर्घकालीन व्यस्थापन गरिनेछ । बाटोघाटो अतिक्रमण गरी सञ्चालनमा रहेका व्यवसायहरु, निमार्ण सामग्री र छाडा चौपायको व्यवस्थापन सशुल्क गरिने छ, यसका लागि नगर प्रहरी परीचालन गरिनेछ । नगर भित्र उत्पादन हुने फोहोरमैला व्यवस्थापनका लागि उपयुक्त ठाउँको पहिचान गरी ल्याण्डफिल्ड साइट निर्माण गर्ने काम अगाडि बढाइनेछ । नगरपालिकाबाट व्यवस्थापन तथा नियमन हुने गरी वसपार्क निर्माणको लागि जग्गा प्राप्तीको काम तत्कालै अगाडी बढाइनेछ ।

**(घ) आर्थिक विकास नीति:**

२२. सडक पूर्वाधार र सिँचाई क्षेत्रको दिगो एवं गुणात्मक विकासमार्फत आम नागरिकलाई विकासप्रतिको अनुभूति प्रत्याभूति गराइनेछ ।

२३. कृषिको माध्यमबाट आय आर्जन एवं स्वरोजगार विकासको लागि विशेष प्राथमिकता दिइनेछ । कृषि उत्पादनलाई व्यवसायिकीकरण गरी रोजगारी सिर्जना गर्नका लागि दीर्घकालीन कृषि नीति तय गरिनेछ ।



CamScanner

२४. नगर क्षेत्र भित्र कृषि उपज उत्पादनमा प्रयोग भैरहेको रासायनिक विषाधिलाई न्युनिकरण गर्दै प्राङ्गारीक मल प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ, प्राङ्गारिक खेतिलाई प्रोत्साहन गरिनेछ । कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न साना सिंचाइ कार्यक्रमहरु सञ्चालन गरिने कामलाई निरन्तरता दिइनेछ। नगरमा उत्पादित कृषि तथा पशुजन्य उपजहरुको बजारीकरण र व्यवस्थापनका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

२५. सामुहिक व्यवसायिक कृषि तथा पशु उत्पादन गर्ने समूह वा सहकारी प्रवर्द्धनको व्यवस्था मिलाइनेछ । प्राकृतिक रुपबाट गर्भाधान सम्भव हुन नसकेमा कृत्रिम गर्भाधान गराउने । पशु तथा वाली विमालाई प्रोत्साहन गरिनेछ । पशु विकास कार्यक्रमलाई प्रभावकारी वनाउन नश्ल सुधारको लागि बोका, राँगो, वीर (बंगुर) समूह/सहकारी/फर्मलाई वितरण गर्ने कार्यक्रम सञ्चालनका क्रियाकलापलाई निरन्तरता दिइनेछ।

२६. नगरपालिका भित्रका जलासयं र माछापोखरीहरुलाई संरक्षण गर्दै व्यवसायीक माछा पोखरी निर्माण गर्ने समूह/सहकारी/फर्महरुलाई आवश्यक अनुदान उपलब्ध गराई नगरपालिकालाई माछा उत्पादनमा क्रमशः आत्मनिर्भर गराउदै लैजाने नीतिलाई निरन्तरता दिँदै माछाको उचित बजारीकरणको व्यवस्था मिलाइनेछ।

२७. कृषी, पशुपालन लगायतका व्यवसायीक उत्पादनका क्षेत्रमा विमा अनिवार्य रुपमा गर्ने व्यवस्था मिलाइने छ। कृषियोग्य जमिनको अनुपयुक्त तरिकाले खण्डिकरण गर्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ। सामुहिक कृषि सहकारीलाई थप सुरक्षित र भरपर्दो बनाइनेछ। कृषि सहकारीलाई पिछडीएको वर्गलाई आत्मनिर्भर गराउन अभिप्रेरित गरिनेछ।

**(ङ) भौतिक पूर्वाधार विकास नीतिः**

२८. सडक, खानेपानी, सिंचाइ, सामुदायिक भवनहरु जस्ता पूर्वाधारहरु सबै वडामा आवश्यकता र औचित्यताका आधारमा निर्माण गरिनेछ । साथै मुख्य सडकहरुमा सडक वत्ती जडान गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२९. ठूला अयोजना सञ्चालनमा हेभि इक्युपमेन्टको प्रयोग निरुत्साहित गरी स्थानीय रोजगारी सृजना गरिने राष्ट्रिय नीति अनुसरण गरिनेछ।

३०. भवन निर्माण गर्दा भुकम्पिय जोखिम न्यूनिकरण गर्ने तर्फ ध्यान दिँदै भवन आचार संहिताको पूर्ण पालना गरिनेछ । लालपूर्जायुक्त जग्गामा बन्ने र बनेका पक्की घरको अनिवार्य नक्सास गर्नुपर्ने नीतिलाई कडाइका साथ अवलम्बन गरिनेछ। नगरपालिका क्षेत्र भित्र निर्माण भएका पुराना घरहरुको अभिलेखिकरण अनिवार्य गरिनेछ।

३१. ठूला पूर्वाधारहरुको विस्तृत आयोजना प्रतिवेदन (DPR) का आधारमा लगानी गर्ने नीतिलाई निरन्तरता दिइनेछ। सार्वजनिक सम्पत्ति संरक्षण गर्न विशेष जोड दिइनेछ।

३२. सडक कालोपत्रे गर्दा सडकका प्रारम्भिक संरचानाहरु तयार गरी मात्र कालोपत्रे गर्ने नीतिलाई निरन्तरता दिइनेछ । नगर क्षेत्र भित्र सञ्चालनमा रहेका साप्ताहिक बजार र हाट बजार स्थलहरुलाई उचित पूर्वाधारको निर्माण गरी उपयुक्त स्थानमा स्थानान्तरण गर्ने व्यवस्था मिलाइनेछ।

३३. वडा नं १, २, ३, ८ र ९ भित्रका सम्पूर्ण बाटो र घर धुरीको नामाकरण गरी वैज्ञानिक घर नम्बर वितरण गरी स्मार्ट सिटी निर्माणको आधार तयार गरिने छ।

**(च) वन, वातावरण तथा विपद् व्यवस्थापन नीतिः**

३४. पानीका मुहान, पोखरी, ताल, तलैया संरक्षणमा विशेष ध्यान दिइनेछ । सुरही नदी कटानको क्षेत्र व्यवस्थापनको रणनीति तय गरिनेछ, प्रदेश सरकारसँगको सहकार्यमा नदिकटान नियन्त्रणको योजना वनाइनेछ। विपद परेकाकाहरुलाई तत्काल उद्धार राहत र सहयोगको कार्यक्रम संचालन गरिनेछ।

३५. नगर क्षेत्र भित्र रहेका सम्पूर्ण नदिजन्य पदार्थहरुको उत्खनन विस्तृत अध्ययन प्रतिवेदनको आधारमा गर्ने व्यवस्था मिलाइनेछ।

रजत प्रताप शाह
नगर प्रमुख



CamScanner

३६. प्रत्येक नगरवासीलाई नगरको वातावरण स्वच्छ एवं हरियाली राख्नका लागि वृक्षारोपण कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिने नीति अवलम्बन गरिनेछ ।

(छ) न्यायिक नीति:

३७. ढिलो न्याय दिनु भनेको न्याय नदिनु सरह हो भन्ने कथनलाई मध्येनजर गर्दै न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुमा आपसी मेलमिलाप र समझदारीको माध्यम बाट समयमै विवाद समाधान गरिने छ । आवश्यक संख्यामा मेलमिलापकर्ताको नियुक्ति गरि न्याय सम्पादन छिटो छरितो बनाइनेछ । न्यायिक समितिलाई थप व्यवास्थित र समय सापेक्ष परिस्कृत गर्दै लगिने छ ।

३८. घरेलु तथा महिला हिंसामा परेका आर्थिक अवस्था कमजोर भएका पिडितलाई न्यायिक समितिले अवस्था हेरी आर्थिक सहयोग गर्न मनासिव देखेमा नियमानुसार सो को ब्यावस्था गर्न सकिने छ ।

(ज) राजश्व प्रशासन नीति:

३९. नगरवासीलाई कर तिर्नु वोझ नभई नागरिकको दायित्व र कर्तव्य हो भन्ने कुराको बोध गराइनेछ. । प्रगतिशील कर प्रणालीको अवलम्बन गरि राजश्व प्रशासनको क्षमता अभिबृद्धि गरिनेछ ।

४०. सबै वडा कार्यालयलाई सूचना प्रविधिमा आधारित छिटो छरितो, सेवामुखी र करदाता मैत्री ब्नाइनेछ । घर कर तथा व्यवसाय करलाई आन्तरिक आयको मूलश्रोतको रुपमा लिइनेछ । आन्तरिक आय प्रवर्द्धनका नयाँ स्रोतको खोजी गरिनेछ र यस्ता स्रोत परीचालनमा नगर प्रहरीको भुमिकालाई थप परिष्कृत गरिनेछ ।

**नगरसभाका सदस्यज्यूहरु :**

४१. कृष्णनगर नगर सरकारको तर्फवाट मैले चालु आर्थिक वर्षमा प्राप्त उपलब्धिहरुलाई अझ सुदृढ बनाउँदै, आर्थिक, सामाजिक र साँस्कृतिक सबै क्षेत्रको समतामूलक विकासका लागि समृद्ध नगर: खुसी नगरबासी को आकांक्षा पूरा गर्ने अभिलाषाका साथ आर्थिक वर्ष २०८०/२०८१ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

४२. वाल्यकालमा शिक्षा, स्वास्थ्य र पोषण, युवावस्थामा सीप, उद्यमशीलता र रोजगारी, जेष्ठ नागरिकलाई सम्मान र संरक्षण, महिला तथा विपन्न वर्गलाई समतामूलक अवसर सिर्जनाका कार्यक्रम केन्द्रित गरिनेछ ।

४३. यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनवाट नगरको विकासको वलियो आधारशीला स्थापित हुनेछ । आर्थिक पारदर्शिता र सुशासनको प्रत्याभूति हुनेछ । नगर सरकारका तर्फवाट प्रदान गरिने सेवाको गुणस्तर वृद्धि हुनेछ ।

४४. यो नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सवै क्षेत्रवाट सहयोग र योगदान हुनेछ भन्ने मैले विश्वास लिएको छु । अन्त्यमा नगरको विकासमा योगदान पुर्याउनु हुने जनप्रतिनिधि ज्यूहरु र राष्ट सेवक कर्मचारी, राजनैतिक दल, संघ संस्था, नागरिक समाज, बुद्धिजिवी, सुरक्षा निकाय,सञ्चार जगत,दातृ निकाय र नगरबासीहरु लगाएतका सबै सरोकारवालाहरु प्रति विषेश धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

रजत प्रताप शाह
नगर प्रमुख

रजत प्रताप शाह
नगर प्रमुख



CamScanner